annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ४५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ३२ जेठ २०८१ | जेष्ठ शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४४ | FRIDAY, JUNE 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आर्थिक रूपमा सबल बन्दै श्रीलंका

दक्षिण एसियाकै समृद्ध मुलुक श्रीलंका २ वर्षअघि टाट पल्टियो। विदेशी मुद्रा सञ्चिति करिब ५० मिलियन डलरभन्दा कममा झरेपछि इतिहासमा पहिलोपटक श्रीलंकाका प्रधानमन्त्री रणिल विक्रमसिंघेले देश चरम आर्थिक संकटमा गएको र टाट पल्टिएको घोषणा गरे। अहिले भने श्रीलंकाको आर्थिक अवस्था सुध्रिन थालेको छ। उसले ऋण, वित्तीय व्यवस्थापन, व्यापार, लगानी, र राज्यको स्वामित्वमा रहेका उद्यमसम्बन्धी अन्य प्रमुख सुधारहरू पनि अगाडि बढाएको छ। तैपनि त्यहाँ जारी आर्थिक र राजनीतिक संकटलगायत थुप्रै चुनौतीहरूको सामना गर्नुपरिरहेको छ।

**सुनिता कार्की** | *कोलम्बो (श्रीलंका)*

**- को रिपोर्ट**

समाचार पृष्ठ २



## पानी बन्द गर्नुको विकल्प छैन



**राजेन्द्रप्रसाद पन्त**

इजलास

२०७८ असार पहिलो साता भेमाथाङबाट लेदोसहितको ठूल-ठूला ढुंगा बगाएर मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स लगायतको संरचनामा क्षति पुऱ्यायो। २०७९ को बर्खामा त्यस्तो केही घटना भएन। २०८० को साउनमा बाढी आयो र आयोजनाको संरचनामा अबरोध सिर्जना भयो। त्यसकारण यो बर्खामा फेरि बाढीपहिरो आउँछ कि आउँदैन भन्ने पूर्ण निर्क्यौल गर्न सकिने अवस्था छैन।

हाम्रा इन्जिनियरको टोली, परामर्शदाता, निर्माण कम्पनीहरू यो बर्खामा हुने जोखिमबारे अध्ययन गरिरहनुभएको छ। उहाँहरूले हेडवर्क्स क्षेत्र र सुरुङ सञ्चालनका लागि नियमित अनुगमन गरिरहनुभएको छ। यसपालिको बर्खायाममा जोखिम न्यूनीकरणका लागि पानी बन्द गर्नुपर्ने हुन्छ।

हामीले समयमै सुरुङको गेटहरू बन्द गरेनौं भने सुरुङभित्र लेदो पस्न सक्नेछ। त्यो लेदो सफा गर्न ३/४ महिना लाग्ने हुँदा बर्खायामपछि तत्कालै काठमाडौं पानी लैजान सकिँदैन। त्यसकारण बर्खायामको समयमा डेढ दुई महिना बग्ने धमिलो पानी हुने हुँदा पानी पठाउने काम बन्द गर्नुपर्छ। यसो गर्दा जोखिम कम हुने र बर्खा लगत्तै पानी पठान्तरण गर्न सकिनेछ।

हेडवर्क्स क्षेत्रमा पानी पर्न थालेपछि हामीले गेट थुन्छौं। गेट थुन्दा थोरै मात्रामा मात्रै पानीसँगै माटो र बालुवा सुरुङभित्र छिर्ने हुँदा त्यसलाई पानी हालेर मात्रै भए पनि चाँडै सफा गर्न सकिन्छ। गेट बन्द नगर्दा ठूला-ठूला ढुंगा पस्ने सम्भावना रहन्छ। त्यसलाई पन्छाउन समय लाग्न सक्छ। त्यसैले पनि बर्खा सकिनेबित्तिकै पानी काठमाडौं पठाउन सकियोस् भन्ने ध्येयले बर्खामा पानी पठान्तरण बन्द गर्ने भनेका हौं।

अहिले हामीले अस्थायी रूपमा सानो प्रबन्ध मिलाएर मात्रै पानी काठमाडौं लगिएको हो। यसमा बालुवा, माटो, ढुंगा थिग्राउने कुनै संरचना छैन। त्यो सबै क्षति भएका कारण अहिले अस्थायी रूपमा मात्रै पानी लगिएको कारण बर्खा पछिको एक दुई महिनाभित्रै पानी पठान्तरण गर्न बर्खामा बन्द गर्नुको विकल्प छैन।

*(पन्त मेलम्ची खानेपानी विकास समितिका प्रवक्ता हुन्।)*

# उपचार सेवाप्रति सांसदको असन्तुष्टि

## सरकारीमा पाउनै गाह्रो, निजीमा तिर्नै गाह्रो

**दिनेश गौतम** | *काठमाडौं*

मुलुकभर सरकारी अस्पताल छन्। तर, कतिपय अस्पतालमा शल्यक्रिया नै हुँदैन। सामान्यदेखि जटिल शल्यक्रिया हुने अस्पतालमा सेवा पाउन पालो कुर्नुपर्छ। निजी स्वास्थ्य संस्थामा सेवा महँगो छ। शुल्क तिर्नै धौ-धौ पर्छ।

उपचार गर्नुपर्ने अवस्थाका जो कोहीले भोग्दै आएको पीडा हो, यो। आधारभूत स्वास्थ्य उपचारदेखि शल्यक्रिया गराउँदा भोग्नु परिरहेको यही समस्यालाई सांसदहरूले प्रतिनिधिसभा बैठकमा जोडदार ढंगले उठाएका छन्। गुणस्तरीय स्वास्थ्य सेवाका लागि पर्याप्त बजेट विनियोजन गर्न र सरकारी स्वास्थ्य संस्थाबाट प्रभावकारी उपचार सेवा प्रवाहका लागि सांसदहरूले सरकारको ध्यानाकर्षण गरेका छन्।



सरकारी अस्पतालमा पहुँचको आधारमा उपचार र बेड पाइन्छ। निजी अस्पतालमा मनोमानी छ। नियमन पनि छैन।

**प्रभु शाह**, सांसद



उपचार गर्न नसकेर अस्पतालको बरन्डाबाट फर्केका बिरामीले आत्महत्या गरेका घटना पनि छन्।

**मोहनबहादुर बस्नेत**, सांसद

सत्तारुढ नेकपा एमालेकी सचेतक एवं सांसद सुनिता बरालले सरकारी अस्पतालमा बहिरंग विभाग (ओपीडी)मा टिकट लिन बिहान ५ बजेदेखि नै लाइन बस्नुपर्ने बाध्यता सुनाइन्। बिहीबार प्रतिनिधिसभाको बैठकको शून्य समयमा उनले भनिन्, 'हाम्रा सरकारी अस्पतालहरूमा उपचारका लागि टिकट लिन घन्टौं लाइन लाग्नुपर्ने अवस्था छ। एउटा काउन्टरको साटो २/४ काउन्टर राखेर टिकट काटेर स्वास्थ्य सेवा सहज गराउन अनुरोध गर्दछु।'

विनियोजन विधेयक २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय शीर्षकको खर्च कटौती शीर्षकको छलफलमा भाग लिँदै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद मोहनबहादुर बस्नेतले स्वास्थ्यमा छुट्ट्याइएको बजेट विनियोजन न्यून रहेको बताए। 'स्वास्थ्य मन्त्रालयको बजेट यसपालि पनि न्यून छ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले कुल बजेटको १० प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्छ भनेको छ। यसवर्ष ४ दशमलव ६४ प्रतिशत बजेट विनियोजन भएको छ,' सांसद बस्नेतले भने, 'संघीय र प्रदेशका ठूला अस्पताललाई विशेष ध्यान दिइएन भने विशेषगरी गरिब एवं विपन्न वर्गलाई उपचारमा बढी समस्या हुन्छ।'

पूर्वस्वास्थ्यमन्त्री बस्नेतले मुलुकभरका सबै सरकारी अस्पतालमा कुल ९२ हजार स्वास्थ्यकर्मी थप्नुपर्ने आवश्यकता रहेको बताए।

» बाँकी पृष्ठ ६

## १ महिनादेखि २ गोरखाली युवा तिब्बती प्रहरीको नियन्त्रणमै

**शिव उप्रेती** | *गोरखा*

उत्तरी गोरखाका दुई युवा एक महिनादेखि तिब्बती प्रहरीको नियन्त्रणमै छन्। एक महिनाअघि तिब्बती प्रहरीले नियन्त्रणमा लिएका चुमनुब्री गाउँपालिका-७ साविक छेकम्पार गाविस छुले गाउँका कर्मा छेतेन र लामागाउँका कर्मा राप्के अझै नियन्त्रणमै रहेको वडाअध्यक्ष टासी दोर्जे लामाले जानकारी दिए।

अन्दाजी ३० वर्षका दुई युवा कुन कसुरमा नियन्त्रणमा लिइएको हो, भन्ने विषय अज्ञात रहेको उनले बताए। 'उनीहरू यार्सागुम्बा टिप्न लेकमा गएका थिए। तर, अचानक हराए', उनले भने, 'धेरै दिनपछि पो एकजना छिमेकीलाई फोन गरेर उनीहरू प्रहरीको नियन्त्रणमा रहेको जानकारी दिए छन्।' उनीहरू कुन कसुरमा समातिएका हुन् र उनीहरूको अवस्था के छ केही थाहा नपाएको वडाअध्यक्ष लामाले बताए। युवाहरूको अवस्था अज्ञात रहेपछि उनीहरूका परिवार, इष्टिमत्रहरू चिन्तित छन्।

» बाँकी पृष्ठ ६


# के गरिबीको दर घटेको हो ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेपालमा ५९ लाखभन्दा बढी गरिबीको रेखामुनि छन्। नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० को प्रतिवेदनअनुसार २०.२७ प्रतिशत गरिबीको रेखामुनि छन्। पछिल्लो १२ वर्षमा ४.८९ प्रतिशत मात्रै घटेको छ। २०६६/६७ मा २५.१६ प्रतिशत थियो।

जीवनस्तर सर्वेक्षणअनुसार गरिबीको दर सहरी क्षेत्र १८.३४ प्रतिशतको तुलनामा ग्रामीण क्षेत्रमा धेरै छन्। अझै ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत गरिबी रेखामुनि छन्। गरिबीको नयाँ आधिकारिक रेखाअनुसार प्रतिवर्ष प्रतिव्यक्ति जम्मा खर्च ७२ हजार ९ सय ८ भन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिबअन्तर्गत वर्गीकरण गरिएको छ।

मुलुक संघीयतामा गएपछि पहिलोपटक जीवनस्तर सर्वेक्षण गरिएको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेले जानकारी दिए। पछिल्लो सर्वेक्षणअनुसार गरिबीको विषमताको सूचकांक २०७९/८० मा ४.५२ प्रतिशत छ। ग्रामीण क्षेत्रमा गरिबीको विषमता सूचक ५.६४ र सहरी क्षेत्रमा ४.०३ प्रतिशत छ। गरिबीको विषमता सूचकांक सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा केही बढी देखिएको छ। जसकी नेपालको गरिबीको विषमताको सूचकांक २०६६/६७ मा ५.४३,२०६०/६१ मा ७.५५ र २०५२/५३ मा ४.६७ प्रतिशत थियो। गरिबीको विषमता सूचकांकले कोही गरिबीको रेखाबाट कति टाढा छन् भन्ने जानकारी गराउने जीवनस्तर सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गर्दै तथ्यांक कार्यालयका निर्देशक तीर्थराज चौलागाईंले जानकारी दिए। प्रतिवेदनअनुसार गरिबीको विषमता सूचकांकको मान ० देखि १०० सम्म हुन्छ। यसको मान ० हुनुको अर्थ कोही पनि गरिबीको रेखामुनि नरहेको भन्ने हो।




उनका अनुसार गरिबीमा रहेको जनसंख्या र गरिबीको विषमता सूचकांकले गरिबहरू बीचमा रहेको असमानताको मापन गर्न सक्दैन। गहनताको सूचकांकले गरिबहरू बीचमा रहेको असमानता जनाउँछन्। गरिबीको विषमताको भारित औसतका आधारमा गरिबी गहनताको मापन गरिने उनले जानकारी दिए। नेपालको गरिबीको गहनता जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार १.४८ प्रतिशत छ। गरिबीको गहनता सहरी क्षेत्रमा १.२९ र ग्रामीण क्षेत्रमा १.९१ रहेको छ। जसमा २०६६/६७ मा १.८१,२०६०/६१ मा २.७० र २०५२/५३ मा ११.७५ प्रतिशत थियो।

- २०२७ प्रतिशत गरिबीको रेखामुनि
- घरमुली महिला र घरमुली पुरुष भएको परिवारको गरिबी दर समान

गिनी सूचकांकलाई असमानता मापनमा लागि प्रयोग गरिने गरिएको प्रतिवेदनमा उल्लेख छ। यो सूचकले भौगोलिक र मौसमी प्रभावलाई समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्चमा दुई घरपरिवारबीचको भएको अन्तर देखाउने छ। गिनी सूचकांकको मान ० देखि १ सम्म हुन्छ। सोको मान ० भएमा पूर्ण समानता तथा १ भएमा पूर्ण असमानता भएको मानिने प्रतिवेदनमा छ। यस सर्वेक्षणमा गिनी सूचकांक ०.३० छ भने ग्रामीण र सहरी क्षेत्रको मान ०.३०३ र ०.२८७ छ।

प्रतिवेदनअनुसार यसले उपभोगमा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रको असमानता धेरै भएको देखिएको उल्लेख छ। गरिबी दर, विषमता, गहनता र गरिबीको फैलावट तथा कुल जनसंख्याको वितरणलाई सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा विभाजन गर्दा सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रको गरिबीको दर बढी देखिएको प्रतिवेदनमा उल्लेख छ। गरिबी विषमता र गरिबी गहन तापनि सहरी क्षेत्रको भन्दा ग्रामीण क्षेत्रमा बढी देखिएको छ। तर, गिनी सूचकांकमा ग्रामीण क्षत्रमा भन्दा सहरी क्षेत्रमा बढी देखिएको छ। देशको कुल क्षेत्रको विवरणअनुसार सहरी जनसंख्या ६९.४८ प्रतिशत र ग्रामीण जनसंख्या ३०.५२ प्रतिशत रहेकोमा जम्मा गरिबीको जनसख्यामध्ये ६२.८६ प्रतिशत सहरी क्षेत्रमा र ३७.१४ प्रतिशत क्षेत्रमा रहेको पाइएको प्रतिवेदनमा छ।

मौसमअनुसार गरिबीको अवस्थाको प्रतिवेदनमा उल्लेख छ। सबैभन्दा बढी गरिबीको दर वर्षा मौसम(असार-असोज)मा २२.५० र सबैभन्दा कम हिउँद मौसम(कात्तिक-माघ)मा गरिबीको दर १७.५६ प्रतिशत छ। सुक्खा मौसम (फागुन-जेठ)गरिबीको दर राष्ट्रिय औसतको नजिक करिब २०.८७ छ।

**प्रदेशको गरिबीको दरको अवस्था**

सबैभन्दा कम गरिबीको रेखामुनि रहेका प्रदेश गण्डकी हो। मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा गरिबी दर नेपालको औसत गरिबी दरभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ। गण्डकी, बागमती र कोशी प्रदेशको गरिबीको दर नेपालको औसत गरिबीको दरभन्दा कम छ। गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत रहेको देखिन्छ। सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत गरिबीको रेखामुनि छन्।

» बाँकी पृष्ठ ६